Sub.Code :1231

GRADE XI

# Gender Studies

Model questions

विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँछ ।

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

Time : 3 Hrs. Full Marks: 75

## समूह“क”

**अति छोटो उत्तर आउने प्रश्न** **(११ ×१=११)**

१. लैङ्गिक अध्ययनलाई एक वाक्यमा परिभाषित गर्नुहोस् ।

२. महिला अध्ययन विषय अध्यापनको कुनै एक औचित्य उल्लेख गर्नुहोस् ।

३. बालिका भ्रुण पतन भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

४. विपरित लिङ्गी आकर्षण सर्वमान्यता(Hetrosexual normativity) को एक उदाहरण दिनुहोस् ।

५. सकारात्मक विभेदको एउटा उदारहण दिनुहोस् ।

६. विद्यमान पितृ सतात्मक व्यवस्थामा पुरुषत्वको मापन गर्ने प्रमुख दुई आधारहरु लेख्नुहोस् ।

७. लैङ्गिक सामाजिकिकरणको दवावमुलक औजारको एउटा उदारहण दिनुहोस् ।

८. प्रेरणा मुलक लैङ्गिक सामाजिकिकरणको औजार भनेको के हो ?

९. नारीवादको पहिलो चरणको लहरको मूख्य माग के थियो ?

१०. वहुपती प्रथा भनेको के हो ?

११. नेपालको राष्ट्रिय जनगणणा २०११ (ई.स.) अनुसार नेपालमा महिला साक्षरता कम हुनुको कुनै एक कारण लेख्नुहोस् ।

## समूह“ख”

**छोटो उत्तर आउने प्रश्न** **(८ ×५=४०)**

१२. लैङ्गिक अध्ययन किन सबैलाई आवश्यक छ ? लैङ्गिक अध्ययनले सामाजिक रुपान्तरणलाई कसरी सहयोग गर्दछ ?

१३. लैङ्गिकता सामाजिक मूल्य हो भन्ने विषयमा छोटो सम्वाद तयार पार्नुहोस्

१४. सामाजिक न्यायका लागि किन समताको आवश्यकता हुन्छ ?व्याख्या गर्नुहोस् ।

१५. सामाजिकिकरण भनेको के हो ? लैङ्गिक सामाजिकिकरणका प्रमुखकर्ताहरु के के हुन् ?

*Source : Curriculum Development Centre, Sanothimi, Bhaktapur*

१६. नारीवादका लहरहरुको वारेमा छोटकरीमा वर्णन गर्नुहोस् ।
१७. नारीवादले समाजमा उत्पन्न गर्ने चूनौतिहरु उल्लेख गर्नुहोस् ।
१८. नेपाली राजनितिमा महिला समावेशीकरणको लागि राज्यले अंगिकार गरेका नीतिहरुको बारेमा लेख्नुहोस् ।
१९. "महिला अधिकार मानव अधिकार हो ।" यसको अर्थ उदाहरणसहित पुष्टयाउनुहोस् ।

## समूह "ग"

**लामो उत्तर आउने प्रश्न (३ ×८=२४)**

२०. "नारीत्व र पुरुषत्व सामाजिक निर्माण हो" पुष्टि गर्नुहोस् । नयाँ पुस्तामा मानवत्वको निमार्ण कसरी गर्नुपर्दछ । आफ्ना सुझावहरु दिनुहोस् ।
२१. पितृ सत्तात्मक व्यवस्थाको मुख्य विशेषताहरु के के हुन? पितृ सत्तात्मक व्यवस्थालाई कमजोर वनाउनको लागि कस्ता खालका नारीवादी प्रयासहरु हुनुपर्दछ ?
२२. नेपाली घर परिवारमा आएका परिवर्तनहरुको छोटकरी वर्णन गरी त्यसले लैङ्गिक सम्बन्धमा पारेको प्रभावको विश्लेषण गर्नुहोस् ।